तातो हावा "लू"बाट जोगिने उपाय
- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epateekdaily.com

जनहितमा जारी सन्देश
गर्मी चर्केकोले वन जङ्गलमा डढेलो लाग्दा बाहिरको वायुमण्डल प्रदूषित हुन्छ । धूलो, धूवाँले स्वास्थ्यमा नराम्रो असर पार्छ । सतर्क बनौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ ०६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 19 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २५६

## तीन पालिकाका पाँचवटा खोलाबाट नदीजन्य पदार्थ उत्खननमा रोक

प्रस, निजगढ, ५ जेठ/

स्थानीय तह कोल्हवी, निजगढ नगरपालिका र जीतपुरसिमरा उपमहा नगरपालिका पाँचवटा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसारमा रोक लगाइएको छ ।

कोल्हवी नपाको बकैया, निजगढ नपाको बकैया र जीतपुरसिमरा उपमहानगरका बालगङ्गा, पसाहा, दुधौरा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसारमा जिल्ला अनुगमन समितिले रोक लगाएको छ ।

अनुगमनको क्रममा तीनवटा पालिकाका पाँचवटा खोलाका ठेकेदारले चरम उत्खनन गरेको पाइएपछि ती खोलाहरूबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसारमा रोक लगाइएको जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्रकुमार साहले बताए । जिसस प्रमुख साहले ती पाँचवटा खोलामा तीनवटा पालिकाले लगाएका ठेक्का अनुसारको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसारमा रोक लगाइएको बताए । प्राविधिकसहितको अनुगमन टोलीलाई उत्खननको स्थलगत अवस्था, उत्खनन परिमाणसहितको प्रतिवेदन जिल्ला अनुगमन समितिलाई बुझाउन निर्देशन दिएको उनले बताए ।


बकैया खोला (माथि) र बालगङ्गा खोलामा नदीजन्य पदार्थ मापदण्डविपरीत उत्खनन हुँदै । तस्वीरः प्रतीक/फाइल

भौतिक पूर्वाधार कार्यालय बाराका इन्जिनीयर राजेश चौधरीको संयोजकत्वमा प्राविधिक टोली गठन गरी कोल्हवी र निजगढस्थित बकैया खोलामा ठेकेदारद्वारा खनिएका खाडल र उत्खनन स्थलहरूको स्थलगतरूपमा नापजाँच लगायतका कार्य भइरहेको बुझिएको छ ।

खोला ठेक्काको नाममा चरम उत्खनन, दोहन भएको पाइएसँगै जिल्ला अनुगमन समितिको यही जेठ ३ गते बसेको बैठकको निर्णय अनुसार ठेक्का लगाइएका सबै खोलामा हाल नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसारमा रोक लगाइएको प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले बताए । वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएको मापदण्ड अनुसार एक मिटर गहिराइसम्म दैनिक तीन सय घनमिटर उत्खनन गर्न भनिए पनि तीनदेखि पाँच मिटरसम्म गहिरो खाडल गरी दैनिक तीन हजारदेखि आठ हजार घनमिटर नदीजन्य पदार्थको चरम उत्खनन, दोहन गर्दै ओसारपोसार हुने गरेको थियो । मातहतका सुरक्षा निकायलाई खोलाहरूमा कडाइका साथ निगरानी राख्न निर्देशन आएको र खोलामा निगरानी बढाइरहेको स्थानीय सुरक्षा निकायले जानकारी गराएका छन् ।


## रौतहट र सर्लाहीमा सफेदाका रूखहरु काटिंदै

प्रस, सर्लाही, ५ जेठ/

सर्लाही र रौतहटका किसानहरूले अहिले धमाधम सफेदाका रूखरू काट्न थालेका छन् ।

सफेदाको रूखका कारण वर्षा हुन समस्या हुनुका साथै एउटा सफेदाको रूखले दैनिक ३० देखि ९० लिटर पानी सोस्ने गरेको भन्दै किसानहरूले सफेदाका रूखहरू कटान गरिरहेको एकजना किसानले बताए । उनले दैनिक एउटा सफेदाको रूखले ९० लिटरसम्म पानी सोस्दा खेत सुक्खा हुने क्रम बढेको र उर्वराशक्ति कमजोर हुने गरेको कारण सफेदाका रूखहरू कटान गर्नुपरेको बताए ।

सफेदाका रूख भएका स्थानमा चापाकल, इनार, पोखरी, ताल, खोला, सिमसार क्षेत्र सुक्ने क्रम बढेको ती किसानको भनाइ छ । सफेदाका पातमा भएको अम्लले वर्षामा बाधा पुऱ्याउने गरेको किसानहरू बताउँछन् । पातको अम्लले वर्षाका लागि तयार हुने बादल तयार हुन नदिने गरेको र पानीको वाफसँग रासायनिक प्रतिक्रिया गरी पानीरहित बादल बनाउने गरेको कारण अहिले सर्लाही र रौतहटमा लगाइएका सफेदाका रूखहरू कटान गरिएको बताइन्छ ।


सर्लाहीको बिर्ताबजारमा सफेदाका रूखहरू काट्दै किसान । तस्वीरः प्रतीक

रौतहट र सर्लाहीमा थुप्रै किसानले सफेदाका रूखहरू रोपेका थिए र अहिले पानीको हाहाकार हुनुमा सफेदा रूखको विशेष भूमिका भएको चाल पाएपछि धमाधम कटान गरिरहेका छन् ।

## सर्वोच्चको फैसला जसपाको हकमा हुन्छ –मन्त्री यादव

प्रस, वीरगंज, ५ जेठ/

जनता समाजवादी पार्टीका उपमहासचिव एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादवले



जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टीमा एकल निर्णय हाबी गराएर तानाशाह प्रवृत्ति लाद्ने प्रयास गरेका कारण सो पार्टीबाट अलग्गिएर नयाँ पार्टी खोल्नुपरेको बताएका छन् ।

दोस्रोपटक मन्त्री भएपछि हिजो गृहनगर वीरगंज आएका उनको स्वागत एवं सम्मानमा शनिवार जसपा, पर्साले आयोजना गरेको कार्यक्रममा मन्त्री यादवले अहिले अशोक राई नेतृत्वको जसपामा कुनै प्रकारको भेदभाव नहुने र नेता तथा कार्यकर्ताको उच्च मूल्याङ्कन गरिने दाबी गरे । उनले सर्वोच्च अदालतको जेठ ८ गतेको फैसला आफ्नो दलको हकमा आउने दाबी गरे ।

वीरगंज महानगरपालिकाका प्रमुख एवं जसपाका केन्द्रीय सदस्य राजेशमान सिंहले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई भ्रष्ट नेता भएको आरोप लगाए । उनले जसले पैसा दियो, उसैलाई मन्त्री पद बिक्री गर्ने र प्रदेशको विकास रकमबाट पनि कमिशन खाँदै आएको दोषारोपण लगाए । उनले जसपा नेपालमा अध्यक्ष यादवको 'होमा हो' लगाउनेहरू मात्र अटाउने गरेका भन्दै नयाँ दल जसपामा त्यस्तो नहुने बताए ।

जसपा, पर्साका अध्यक्ष सिङ्गासन साह तेलीको अध्यक्षतामा भएको कार्यक्रममा जसपाका नेताहरू ईश्वरचन्द्र यादव, जन्नत अन्सारी, मोहनलाल चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसअघि हिजो मन्त्री यादवलाई वीरगंज आउने क्रममा जसपाका कार्यकर्ताहरूले बाराको सिमरा विमानस्थलबाट स्वागत गर्दै वीरगंज ल्याएका थिए ।


राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, पर्साले शनिवार वीरगंजमा मोटरसाइकल ऱ्याली निकालेको छ । 'राजा आऊ, देश बचाऊ'को नारा धन्क्याउँदै राप्रपा नेपालका कार्यकर्ताहरूले नगरपरिक्रमा गरेका थिए । तस्वीरः नितेश कर्ण

## एक महिलासहित ३९ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ५ जेठ/

रौतहटको गुजरा नगरपालिका–९




स्थित ग्लोबल आइएमई लघुवित्त संस्थाको आयोजनामा शनिवार सम्पन्न रक्तदान कार्यक्रममा एकजना महिलासहित ३९ जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले चन्द्रकला देवी, रञ्जन झा, नितेश चौधरी, दीपक ठाकुर, विजय साह बनिया, भुपेन्द्र खड्का, जग्गानन्द यादव, बलिराम साह, कृष्ण झा, हृदेश पासवान, मो सबिउल्लाह, दशरथ साह, रविविनेश मुखिया, शम्भु यादव, रोशन साह, हेमनारायण माझी, शत्रुधन महतो लगायतले रक्तदान गरेको बताए ।

## स्थानीय जनता जागरूक हुनुपर्छ

रामेश्वर मेहता, सिम्रौनगढ, ५ जेठ/

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता रमेश प्रसाईंले सिम्रौनगढमा पर्यटनको प्रचुर सम्भावना रहेको र यहाँको विकासका लागि स्थानीय जनता जागरूक हुनुपर्ने बताएका छन् ।


रास्वपाका नेता प्रसाईं र सांसद ढकाल । तस्वीरः प्रतीक

नेता प्रसाईं र सांसद हरि ढकाल शनिवार सिम्रौनगढको धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गर्ने क्रममा उनले सो कुरा बताएका हुन् ।

उनले सिम्रौनगढको विकास हुन नसक्नुमा ३० वर्षदेखि शासन गर्दै आएका दलहरू बढी जिम्मेवार भएको आरोप लगाए ।

उनले आफ्नो दल दुई वर्षदेखि अस्तित्वमा आएको तर ३० वर्षदेखि देशमा शासन गर्दै आएका दलहरूले

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**मनको सोच सुन्दर छ भने सम्पूर्ण संसार सुन्दर देखिन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कृषिप्रधान अर्थतन्त्रमा कृषिकै कन्तबिजोग

समयान्तर

ओमप्रकाश खनाल
omkhanal@gmail.com

**कृषिमा आधारित जनजीविका भएर पनि कृषि प्रणालीको वर्तमान अवस्था प्रारम्भिककाल जस्तो छ। स्रोतसाधनको अभाव, भएका साधनको प्रभावकारी व्यवस्थापन हुन नसक्नु कृषिको आधुनिकीकरणका चुनौतीको रूपमा रहेका छन्। कृषि क्षेत्रमा व्यावसायिकताले प्रवेश पाउन सकेको छैन।**

तथ्याङ्क भन्छ– नेपालको अर्थतन्त्रमा अहिले पनि कृषि क्षेत्रको योगदान २५ प्रतिशतको हाराहारीमा छ। तथ्य यो पनि हो कि हाम्रो कृषि अब निर्वाहमुखी पनि छैन। नेपालीको भोक टार्न बर्सेनि तीन खर्ब रुपैयाँको खाद्यान्न भित्रिरहेको तथ्याङ्क सरकारी निकाय भन्सारको छ। सरकारले आधारभूत खाद्यान्नमा दुई वर्षभित्र आत्मनिर्भर हुने योजना बनाएकै पाँच वर्ष बितिसक्दा प्रमुख खाद्यान्न चामल र त्यसको कच्चा पदार्थ धान मात्रै अर्बौं रुपैयाँको आयात भइराखेको छ। तरकारीदेखि फलफूल, माछा, मासु सबैमा परनिर्भरता गहिरिँदै छ।

निर्वाहमुखी पनि हुन नसकेको कृषिले त अर्थतन्त्रमा प्रमुख योगदान दिइराखेको छ भने भनिएजस्तो व्यावसायिक कृषिबाट अर्थतन्त्रमा कृषिको योगदान कहाँ पुग्ला ? अर्थतन्त्र कत्रो र कस्तो होला ? यो अहिले अनुमानको विषय मात्रै हो। यो पनि सत्य हो कि कृषिको आधुनिकीकरण र तुलनात्मक लाभको खेतीलाई औद्योगिकीकरणसँग जोड्न सक्नुमैं हाम्रो आर्थिक समृद्धि सपनामा निहित छ, तर कसरी ? यसमा रणनीतिक योजना त परको कुरा, सार्थक मन्थनसमेत सुन्न पाइएको छैन।

अहिले अर्थतन्त्रमा सबैभन्दा ठूलो हिस्सा कृषिकै छ। बर्सेनि खर्बौं रुपैयाँको खाद्यान्न आयात भइराखेको तथ्यबीच कृषि क्षेत्रको व्यवसायीकरण व्यापारघाटा न्यूनीकरणको अचूक उपाय बन्न सक्छ। तर घोषणा र योजनाका आलापले मात्र उद्देश्यमा पुग्न पनि सकिन्न। आक्रामक योजनाको कार्यान्वयनका लागि रणनीतिक कार्यक्रम चाहिन्छन्। कृषिको योगदानमा आएको कमीलाई उत्पादनका अन्य आयामको अभिवृद्धिको प्रभाव मान्नेहरू मान्छन्। तर अर्थतन्त्रमा उत्पादन क्षेत्रको योगदान कति छ ? यसको आकार कसैबाट लुकेको छैन। कुल गार्हस्थ उत्पादन वृद्धिमा उत्पादन क्षेत्रको योगदान पाँच प्रतिशतमा खुम्चिएको मात्र छैन, यो आकार पनि बर्सेनि ओरालो लागिराखेको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले हालै संसद्मा पेश गर्नुभएको सरकारको आगामी वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा अगामी १० वर्षलाई ‘कृषिमा लगानीको दशक’को रूपमा घोषणा गरिएको छ। यो घोषणाको अन्तर्य कुनै नयाँ कुरा होइन। माथि उल्लेख भइसक्यो, दुई तिहाइ बहुमतमा बनेको केपी ओली शर्मा नेतृत्वको सरकारले दुई वर्षमा आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुने भनेको थियो। त्यतिमात्र होइन, पाँच वर्षमा खाद्यान्न निकासीको अवस्थामा पुग्ने घोषणा गरेको थियो। त्यस अघि नै सरकारले सन् २०१५ देखि २०३५ सम्म २० वर्षका लागि दीर्घकालीन कृषि रणनीति घोषणा गरेको थियो। कृषिलाई प्रतिस्पर्धात्मक बनाएर रोजगार र आत्मनिर्भरतातिर उन्मुख गराउने भनियो। २०७३ सालमैं प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना अन्तर्गत सातै प्रदेशमा व्यावसायिक कृषिका लागि सुपरजोन, हुलाकी राजमार्गमा छ सय र मध्यपहाडी मार्गमा दुई सय पकेट क्षेत्रको पहिचान गरिएको हो। ती कार्यक्रमको ओजक कति रह्यो ? अर्थतन्त्रका कृषिको घट्दो योगदानको आँकडाबाटै प्रस्ट हुन्छ। पछिल्लो नीति तथा कार्यक्रममा एक थान नयाँ शब्दजाल थपिएको मात्रै न हो। कृषि क्षेत्रसँग सरोकार राख्ने योजनाहरू अब नयाँ बोतलमा पुरानै रक्सी भरेर जनता अलमल्याउने उपक्रम मात्र चलाइएको भान हुन्छ।

सरकारका योजना र सरकारकै निकायले सार्वजनिक गरेका तथ्यहरूबीचको विरोधाभास हाम्रो अर्थराजनीतिको विडम्बना बनेर उभिएको छ। सरकारी निकायहरूबीच समन्वय र सहकार्यको अभाव मात्र होइन, ती निकायले सार्वजनिक गरिआएको तथ्य र तथ्याङ्कबीचको अन्तरविरोधले अन्योल मात्र सृजना गरिराखेका छन्। सरकारी घोषणाहरू कागजबाट बाहिर आउन नसक्नुको मूल कारण नै यही हो। योजना सुनाएर मात्र हुँदैन, त्यसको कार्यान्वयन र परिणामको प्रत्याभूतिका लागि त तथ्याङ्कले देखाएका अवरोधहरूको समाधान प्राथमिक शर्त हुन्छ। तथ्यले औंल्याएका असहजताको समाधानविना घोषणा कार्यान्वयन हुन सक्दैनन्।

कृषिलाई उत्पादनसित जोड्ने लक्ष्य राखिएको छ। कृषिमा आधारित उद्योग बन्द छन्। यस्ता उद्योगको सञ्चालन नेतृत्वका निम्ति लोकप्रियता आर्जन गर्ने औजारजस्ता भएका छन्। कृषिलाई उद्यमशीलतासित जोड्न नसक्दा यो क्षेत्रमा लगानी आउँदैन। सरकारले भूउपयोग नीतिको अभावमा कृषिको विकासका निम्ति उपयुक्त कार्ययोजना बनाउन नसकिएको स्वीकार गरेको छ। अव्यवस्थित बसोबासले कृषि भूमिको तीव्र विनाश भइराखेको छ। यसको व्यवस्थापनका लागि स्थानीय सरकारलाई जिम्मा दिएकोमा त्यो जग्गाको किनबेचमा सकसको अर्को कारण बढी बन्यो।

कृषिलाई व्यवसायीकरण गरी उद्यमसित नजोड्दासम्म अर्थतन्त्रको अपेक्षित पुनर्संरचना हुन सक्दैन। यसका निम्ति कृषिमा आधारित विकास मोडेलका कुरा पनि नसुनिएका होइनन्। व्यावसायिक कृषि प्रणालीको अभावमा कृषि क्षेत्र पछाडि परेको हो। निर्वाहमुखी कृषि र यसमा घट्दो आकर्षणले युवाहरू रोजगारका लागि विदेशिइरहेका छन्। खेतीयोग्य जमीन बाँझो राखेर विप्रेषणको आयले खाद्यान्न आयातको प्रवृत्तिलाई मात्र बढाएको छ। उपभोग संस्कृतिले बढावा पाएर अर्थतन्त्रमा उत्पादनको आकारसमेत खुम्चिँदै गएको छ। यसलाई लक्ष्यमा पुऱ्याउने रणनीतिक योजनाहरूको अभाव छ।

कृषिमा आधारित जनजीविका भएर पनि कृषि प्रणालीको वर्तमान अवस्था प्रारम्भिककाल जस्तो छ। स्रोतसाधनको अभाव, भएका साधनको प्रभावकारी व्यवस्थापन हुन नसक्नु कृषिको आधुनिकीकरणका चुनौतीको रूपमा रहेका छन्। कृषि क्षेत्रमा व्यावसायिकताले प्रवेश पाउन सकेको छैन। कृषि पेशालाई व्यावसायिक दृष्टिले नहेर्ने र रूपान्तरणको नीतिको अभाव प्रमुख समस्या हुन्। कृषिलाई व्यवसाय नै नमान्ने सोचका कारण अर्थतन्त्रको जग मानिएर पनि कृषिबाट निर्वाह चल्न नसकेको हो।

कुरा र योजनाका तानाबाना जति भएर पनि कृषिलाई व्यावसायिक बनाउन सकिएको छैन। अधिकांशतः हलो, कुटो, कोदालोकै भरमा छन्। मल, बीउ, सिंचाइ, प्रविधिको पहुँच स्थापित हुन सकेको छैन। कुल भूभागमध्ये २६ लाख ४१ हजार हेक्टर क्षेत्रफल खेतीयोग्य छ। १७ लाख ६६ हजार हेक्टरमा मात्र सिंचाइ सुविधा छ। अरू जमीन आकाशको भरमा चलेको छ। सिंचाइ सुविधा उपलब्ध भएको जमीनमा पनि ४० प्रतिशतमा मात्रै १२ महीना सिंचाइ हुन्छ। नयाँ प्रविधिमा आधारित सिंचाइ केवल पाँच हजार आठ सय हेक्टरमा सीमित छ। कृषि क्षेत्रमा भित्रिएका नयाँ–नयाँ प्रविधिका बारेमा किसानलाई जानकारी र पहुँच वृद्धिलाई प्राथमिकतामा राखिनुपर्छ। सिंचाइ, मलखाद, उन्नत बीउबिजन, विद्युतीकरण, सडक विस्तार, कृषिमा सहज र सहुलियत ब्याजदरमा ऋणको उपलब्धता, उत्पादित वस्तुको उचित मूल्यका लागि कृषि बजारको व्यवस्थालगायतमा जोड नदिई हुँदैन। कृषिमा नयाँ अनुसन्धान र जानकारीका निकाय कर्मकाण्डीजस्ता भएका छन्। सरकारले कृषिमा लगानी भित्र्याउने योजनाको तानाबाना बुनिराख्दा सरकारकै तथ्याङ्कीय लेखाजोखाको जिम्मेवारी पाएको निकाय राष्ट्रिय तथ्याङ्क कार्यालयले अहिले ४० प्रतिशत स्थानीय तहमा कृषि क्षेत्रमा काम गर्ने कामदारको अभाव झेलिरहेको तथ्याङ्क सार्वजनिक गरेको छ। राष्ट्रिय कृषिगणनाको प्रतिवेदन २०७८ मा तीमध्ये १२ प्रतिशत स्थानीय तहमा मजदूर अभावको सामना गर्न उत्पादन नै घटाइएको पाइएको छ। उन्नत प्रविधि अपनाउने स्थानीय सरकारको सङ्ख्या निकै कम छ। यो तथ्यबीच नेतृत्व, त्यसमा पनि सत्ता सञ्चालकहरूको लोकप्रियताको उद्देश्य बढी हाबी देखिएको सुन्दा कर्णप्रिय लाग्ने यस्ता योजनाको औचित्यमा प्रश्न उठ्नु अस्वाभाविक होइन।

# विश्वमा साइबर अपराधको बिगबिगी

ई कुमार अभिनव
काठमाडौं, ५ जेठ/रासस

हालै इजरायलको राष्ट्रिय साइबर प्रणालीका प्रमुख अर्थशास्त्री श्लोमा सरफातीले एक कार्यक्रममार्फत व्यक्तिगत नागरिक र संस्थाको स्तरमा साइबर सुरक्षाको स्तर बढाउन कदम चालिएन भने जीवनका सबै क्षेत्रमा प्राविधिक विकासको निरन्तरतासँगै लागतहरू बर्सेनि बढ्दै जाने बताएका छन्।

कृत्रिम बौद्धिकता (एआई)को आगमनसँगै विश्वमा साइबर अपराधको वृद्धि भइरहेको छ। साइबर अपराध अपराधको एक प्रकार हो, जसमा कम्प्युटरलाई अपराधको वस्तुको रूपमा लिइन्छ। साइबर अपराध भनेको कम्प्युटर नेटवर्कमार्फत गरिएको आपराधिक गतिविधि हो। अर्थात् साइबर अपराधलाई इन्टरनेट र डिजिटल यन्त्रहरूमार्फत कानूनद्वारा निषेध गरिएको अरूको निजी ठाउँमा गएर आपत्तिजनक सामग्री र दुर्व्यवहारको माध्यमबाट सञ्चालित गैरकानूनी गतिविधिहरू भनेर परिभाषित गर्न सकिन्छ। बढ्दो प्रविधिको प्रयोगले मानिसको जीवनलाई अत्यन्तै सहज बनाए पनि यसको सही सदुपयोग नहुँदा यसले समाजमा विकृति पैदा गरिरहेको छ।

इजरायलको अर्थतन्त्रले साइबर आक्रमणका कारण वार्षिक १२ अर्ब


(बाँकी तेस्रो पातामा)

## प्रेरक व्यक्तित्व:

# डा शिवनाथ डोगरा अर्थात् खप्तडबाबा

व्यक्तित्व

राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com



सिद्ध महापुरुषहरू कुनै सङ्घसंस्था, देश अथवा राष्ट्रविशेषको घेरामा हुँदैनन्। संसारका धेरै महापुरुषले नेपाललाई आफ्नो अध्यात्मभूमि बनाएको कुरा हामीबाट लुकेको छैन। ठीक त्यसैगरी डा डोग्रा अर्थात् खप्तड स्वामी नेपाललाई आफ्नो कर्मक्षेत्र बनाइ यहाँ आए। खप्तडबाबा त्यस्तो सिद्ध सन्त हुन्, जसको समग्र जीवन रहस्यका अनेक गाथाले भरिएका छन्। उनको खास नाम डा शिवनाथ डोगरा हो र उनी एक सिद्धहस्त एलोपेथिक चिकित्सक थिए। उनको जन्म कश्मीरको ब्राह्मण कुलमा भएको थियो। लोकप्रचलित नामको साथ प्रशस्त आमदानी भइरहेको बखत प्राप्त वैराग्य र जगत्प्रति कौतूहलले, गरिरहेको पेशा त्यागी सन्तहरूका आश्रम अनि दार्शनिक विद्वान्हरूको खोजीमा विभिन्न ठाउँ पुगे। उनको दीक्षित नाम स्वामी सच्चिदानन्द सरस्वती थियो। ब्रह्माण्डको रहस्य खोज्दै उनी नेपाल पसे र पश्चिम नेपालको खप्तड लेकमा रहेर जीवनको पाँच दशक त्यहीं बिताए। त्यसैले उनको लोकप्रसिद्ध नाम खप्तड स्वामी रहन गयो।

उनको विषयमा सातवटा पुस्तक प्रकाशित छन्– ‘म र मेरो कर्तव्य’, ‘आत्मज्ञान’, ‘नारीधर्म र पुरुषधर्म’, ‘योग विज्ञान’, ‘विचार विज्ञान’, ‘स्वास्थ्य विज्ञान’ र ‘खप्तडबाबा’। सबै पुस्तकको सारांश जीवन र जगत्लाई कसरी उपयोगी र मानवजीवनलाई कसरी सार्थक बनाउने भन्ने विषयमा केन्द्रित छ। यी पुस्तकहरूमा जीवन र जगत्का रहस्य, तीर्थमय नेपालको वैशिष्ट्य, उनको नेपालप्रति लगाव, समसामयिक सामाजिक–राजनीतिक विश्लेषण, साधनाको प्रवृत्ति र उपलब्धि, विचारलाई कसरी सार्थक बनाउने, स्वस्थ जीवनका रहस्य, योग विज्ञानको महत्त्व, नारी र पुरुषका कर्तव्य र जिम्मेवारी जस्ता विषयहरू उल्लेख गरिएका छन्।

खपतडबाबा आफैंमा रहस्य थिए। कश्मीरको जन्म, बेलायतको पढाइ, सामाजिक मर्यादाको पर्याप्त उपलब्धि हुँदाहुँदै प्रारब्धवश कसरी अर्को दुनियाँमा पुगे र साधनामय दीर्घजीवन प्राप्त गरी भौतिक सुख त्याग गर्दै ईश्वरीय आनन्दको अनुभूतिमा रमाए, मननीय छ।

उनी असाधारण व्यक्तित्वका धनी थिए। उनलाई आधुनिक युगको ऋषि भन्न सकिन्छ। केवल साधनामा नरमाइ समाजलाई कृति–रचनाद्वारा पनि लाभान्वित गराए। उनीबारे डा अर्जुन ज्ञवालीद्वारा लेखिएको पुस्तक ‘खप्तडबाबा’ले हामीलाई धेरै कुरा सिकाउँछ। जीवनका बहुपक्षीय आरोह–अवरोह पार गर्दै उनले नेपाली राष्ट्रियता, सनातन अग्रगामी मौलिक चिन्तन, पौरस्त्यजगत्का उच्च मानबिन्दु, प्रेरक विभूतिहरू र जीवनलाई उत्कर्षमा लैजाने विविध पक्षमाथि सधैं प्रकाश पार्ने गर्थे। यस पुस्तकले जीवनमा चाहिंदो भौतिक साधन स्रोत भएर पनि आत्मिक शान्तिका लागि भौंतारिइरहेका, मनुष्यजीवनको गहिराइ खोजिरहेका मानिसहरूका लागि गहकिलो खुराक प्रदान गर्छ।

**खप्तड स्वामीबारे अहिलेका पुस्ताले जान्न जरुरी छ र उनीबारे लेखिएका र उनले लेखेका सातै कृति सबै शिक्षक र विद्यार्थीले पढ्नु जरुरी छ। सकिन्छ भने उनका दुई कृति ‘विचार विज्ञान’ र ‘स्वास्थ्य विज्ञान’ स्थानीय सरकारले कक्षा ८ देखि १० सम्म पढाउने व्यवस्था मिलाउन सके विद्यार्थीको बानीबेहोरा र शिष्टाचारमा निकै ठूलो परिवर्तन आउनेछ।**

हाल नेपाल लक्ष्यहीन गतिबाट गुज्रिरहेको छ। राजनीति भ्रष्ट छ। अर्थतन्त्र डाँवाडोल छ। शिक्षा प्रणाली दिशाहीन र नैतिकशून्य छ। मानिसहरू छटपटाइरहेका छन्। सांस्कृतिक धरोहर दिनानुदिन ध्वस्त बन्दो छ। भ्रष्टाचारले देशलाई आक्रान्त बनाएको छ। मौलिक धर्ममाथि लगातार प्रहार भइरहेको छ। विधर्मी र विदेशी चिन्तन हाबी छ। जतातते अभाव र अशान्ति छ। नवसामन्तहरूको शोषण निरन्तर बढ्दो छ। यी र यस्ता विषयबारे विविध दृष्टान्तको सङ्गालो हो, यो पुस्तक।

के कति कारणले उनी अध्यात्मतर्फ लागे ? बेलायतबाट चिकित्साशास्त्र पास गरेको नौ वर्षपछि जन्मभूमि कश्मीर फर्के र १० वर्षसम्म जम्मु शहरको टवी नदीको किनारमा औषधालय खोलेर सेवा प्रदान गरे। त्यसै क्रममा एउटा अद्भुत घटनाको सामना भयो। एकजना सम्पन्न प्रभावशाली व्यक्तिको घरमा एउटा बच्चा बिरामी पर्‍यो। उनी त्यस बेलाका प्रसिद्ध चिकित्सक थिए। त्यसैले बच्चाको उपचार गर्न उनलाई बोलाइयो। आफूले सक्ने सबै विधि प्रयोग गरी उनले बच्चालाई बचाउने कोशिश गरे। तर उनका सारा प्रयत्न निरर्थक भए र बच्चाको निधन भयो। ठीक त्यही बेला एकजना स्वामी उनले उपचार गरिरहेको ठाउँमा टुप्लुक्क आइपुगे। उक्त बालकको मृत्युको खबरले बालकको घरमा रुवावासी चलिरहेको थियो। स्वामीले के भयो भनेर सोधपूछ गरे तर कसैले केही भन्न सकेन। स्वामीले बालकको मृत्यु भएको छैन भन्दै कमण्डलुमा रहेको जल छर्किदिए। मृत घोषित बालकलाई तत्काल होश आयो। यस घटनापछि डा डोगरा तीन छक्क परे। यही घटनाले उनलाई आफ्नो डिग्रीप्रति वितृष्णा जगायो। मसँग नभएको, मेरो अध्ययनले प्राप्त नगरेको के शक्ति छ यी योगीसँग ? अब म यही शक्तिको खोजी गर्छु। यसरी एकाएक डा शिवनाथ डोगराको मनमा उक्त घटनाले परिवर्तन ल्याइदियो। र उनी घरमा कसैलाई केही नभनी स्वामीको खोजमा निस्के। दुई वर्ष बित्यो तर योगीसँग भेट हुन सकेन। अब कसरी खोज्ने ? कसरी भेट्न सकिएला भनी निराश अवस्थामा एक दिन गङ्गा किनारमा स्वामी ज्ञानाश्रमको सानो कुटी देखे। त्यही कुटीमा स्वामी योगी ज्ञानाश्रमको दर्शन पाए। तत्पश्चात् चिकित्सा पेशा त्यागेर उनी मुक्ति र मोक्षको खोजमा नयाँ यात्रामा निस्के। यात्राको क्रममा दक्षिण भारतका आद्यजगत्गुरु शङ्कराचार्यको गद्दी शृन्गेरी मठ पुगे। त्यही समयमा शान्तानन्द सरस्वतीबाट ब्रह्मचारी दीक्षा लिए। उनकै आज्ञा अनुसार वाराणसीमा संस्कृत अध्ययन गर्न थाले। त्योभन्दा पूर्व उनी दुई वर्षसम्म स्वामीकै सान्निध्यमा रहे। तदनुपरान्त विभिन्न ठाउँमा बस्दै, अध्ययन गर्दै दक्षिण भारतको शृन्गेरी पीठ पुगे।

त्यहाँ श्री १००८ स्वामी शान्तानन्द सरस्वतीबाट सन्न्यास दीक्षा लिए। तत्पश्चात् गुरुद्वारा डा शिवनाथ डोगराको नाम सच्चिदानन्द सरस्वती राखियो। पछि उनी खप्तड लेक आए र साधना गरेपश्चात् उनको नाम खप्तडबाबा रहन गयो।

खप्तड लेकमा साधनारत रहेका खप्तडबाबाबारे देश–विदेशमा चर्चा परिचर्चा भइरहेको थियो। उनको प्रभाव नेपालका राजामा पनि परिसकेको थियो। त्यसै कारण राजाले आफ्ना जेष्ठ सुपुत्र दीपेन्द्रको व्रतबन्धमा आफैं खप्तड गएर बाबालाई ल्याएका थिए। व्रतबन्धपछि उनलाई दरबारमैं बस्न अनुरोध गरिएको थियो तर उनले अस्वीकार गरे र खप्तड नै फर्किए। उनीबारे विभिन्न तिलस्मी कथाहरू जोडिएका छन्।

खप्तडबाबाको साधनाको बल यति थियो कि उनी बाघसँग साथीजस्तै खेल्ने गर्थे, राजा महेन्द्र पनि उनलाई भेट्न बझाङ पुगेका थिए। आँखा नदेख्नेले उनको सामीप्य प्राप्त गरेपछि आँखा देख्न थालेको कुरा पछि उनका चेला डा चेतराज पन्तले उल्लेख गरेका छन्।

काठमाडौंबाट खप्तड फर्कने एक दिन अघि अर्थात् २०५३ वैशाख महीनाको तेस्रो हप्ता उनको बिदाइ कार्यक्रम तय भयो। ठीक एक दिन अघिसम्म उनले आफ्ना चेला र भक्तहरूलाई दर्शन दिइरहेका थिए। अर्को दिन २०५३ वैशाख २६ गते बोल्दाबोल्दै ब्रह्मलीन भए। उनीबारे लेखेर लेखिसकिन्न।

**अन्त्यमा,**

खप्तड स्वामीबारे अहिलेका पुस्ताले जान्न जरुरी छ र उनीबारे लेखिएका र उनले लेखेका सातै कृति सबै शिक्षक र विद्यार्थीले पढ्नु जरुरी छ। सकिन्छ भने उनका दुई कृति ‘विचार विज्ञान’ र ‘स्वास्थ्य विज्ञान’ स्थानीय सरकारले कक्षा ८ देखि १० सम्म पढाउने व्यवस्था मिलाउन सके विद्यार्थीको बानीबेहोरा र शिष्टाचारमा निकै ठूलो परिवर्तन आउने कुरामा यो स्तम्भकार विश्वस्त छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## 'भारतभन्दा जीवन्त लोकतन्त्र अन्यत्र छैन'

वाशिङ्टन डिसी, ५ जेठ/एएनआई

आमनिर्वाचनमा आफ्नो मताधिकार प्रयोग गरेकोमा भारतका जनताको प्रशंसा गर्दै ह्वाइट हाउसले शुक्रवार भारतभन्दा जीवन्त लोकतन्त्र संसारमा नभएको बताएको छ।




राष्ट्रिय सुरक्षा सञ्चार सल्लाहकार जोन किर्बीले भावी सरकार निर्माणमा भारतीय जनताले देखाएको सक्रियताको प्रशंसा गरे। किर्बीले एक पत्रकार सम्मेलनमा भने, "संसारमा भारतभन्दा जीवन्त लोकतन्त्र धेरै छैनन् र हामी भारतीय जनतालाई उनीहरूको मतदान गर्ने क्षमता र भावी सरकार निर्माणका लागि देखाएको सक्रियताको प्रशंसा गर्छौं र शुभकामना दिन्छौं।" भारतको आमनिर्वाचनप्रति अमेरिकी राष्ट्रपतिको विचारबारे सोधिएको प्रश्नको जवाफ दिँदै उनले यस्तो बताएका हुन्।

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत–अमेरिका सम्बन्धको बारेमा अर्को प्रश्नको जवाफ दिँदै ह्वाइट हाउसका अधिकारीले भने, "म विगत तीन वर्षमा अडिग रहन्छु, भारतसँगको हाम्रो सम्बन्ध अत्यन्त निकट छ र निकट हुँदै गइरहेको छ।"

"तपाईंले यो राज्य भ्रमणमा देख्नुभयो। हामीले महत्त्वपूर्ण उदीयमान प्रविधिहरूमा सँगै काम गर्ने सबै प्रकारका नयाँ पहल शुरू गरेका छौं र इन्डो–प्यासिफिक क्वाडको प्रासङ्गिकतालाई सुदृढ र विस्तार गरेका छौं, जसको भारत एक हिस्सा हो, यो एक धेरै जीवन्त सक्रिय साझेदारी हो र हामी प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वका लागि आभारी छौं," किर्बीले भने। रासस

## संसदीय छानबीन समिति गठन गर्न दलहरू सहमत

काठमाडौं, ५ जेठ/रासस

सत्तारूढ गठबन्धन र प्रमुख प्रतिपक्षी दल संसद्को गतिरोध अन्त्य गर्न संसदीय छानबीन समिति गठनका लागि सहमत भएका छन्।

शनिवार प्रधानमन्त्री निवास बालुवाटारमा भएको सत्ता गठबन्धन र नेपाली काङ्ग्रेसका शीर्ष नेताहरूबीचको छलफलमा संसदीय छानबीन समिति गठन गर्न दलहरू सहमत भएका काङ्ग्रेस प्रमुख सचेतक रमेश लेखकले जानकारी दिए। लेखकका अनुसार छानबीन समितिको कार्यादेश (टिओआर) भोलि आइतवार बिहान छलफलपछि टुङ्गो लगाइनेछ।

"सदनमा भइरहेको गतिरोध अन्त्यका लागि छानबीन समिति बनाएर जानुपर्छ भन्नेमा सकारात्मक छलफल भयो। सँगसँगै समितिको कार्यादेश के हुने भन्ने विषयमा पनि काम गर्ने कुरा भएको छ। समिति गठन गरेर जाने भन्नेमा सबै राजनीतिक दलबीच समान धारणा बनेको छ। आजका लागि यसलाई उपलब्धिमूलक र सकारात्मक नै मान्नुपर्छ," लेखकले भने।

छानबीन समितिको कार्यादेश निर्माणका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीले सहजीकरण गर्ने र सबै दलका नेताहरू बसेर त्यसलाई मूर्तरूप दिइने पनि उनले बताए। छानबीन समिति गठन गर्ने सहमति भएसँगै समितिको कार्यादेश निर्धारणका लागि तयारी थालिएको र भोलिको संसद् बैठक सहजरूपमा अघि बढ्ने विश्वास लिइएको उनको भनाइ छ।

छानबीन समिति गठन गर्ने विषयमा आज चरणबद्धरूपमा छलफल भएको थियो। शुरूमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सभामुख देवराज घिमिरे, नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली, उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने, कानूनमन्त्री पदम गिरीलगायतसँग छलफल गरेका थिए। सभामुखसँगको छलफलपछि प्रधानमन्त्री प्रचण्डसहित सत्तारूढ दलका नेताहरूले प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा, प्रमुख सचेतक लेखकलगायतसँग छलफल गरेका थिए।

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने सहकारीको रकम हिनामिनामा मुछिएको विषयमा संसदीय छानबीन समिति गठन गरिनुपर्ने मागसहित काङ्ग्रेसले संसद्मा अवरोध गर्दै आएको थियो।

## स्टार्टअपलाई १० वर्ष आयकर छुट, सहज ब्याजदरको कर्जा सुविधा

काठमाडौं, ५ जेठ/रासस

सरकारले स्टार्टअप उद्यम गर्नेहरूका लागि विभिन्न छुट तथा सुविधा उपलब्ध गराउने र यस्तो उद्यममा लगानी प्रवर्द्धन एवं सहजीकरण गर्ने भएको छ।

गत वैशाख २० गतेको मन्त्रिपरिषद् बैठकबाट पारित भई कार्यान्वयनमा आएको 'राष्ट्रिय स्टार्टअप नीति, २०८०'मा स्टार्टअप उद्यमलाई सरकारले विभिन्न छुट सुविधा, लगानी सहजीकरण, नीतिगत तथा कानूनी प्रबन्ध, व्यावसायिक सुरक्षालगायतका प्रत्याभूति गर्ने उल्लेख गरेको छ।

"स्टार्टअप उद्यमको दर्ता, नवीकरण एवं औद्योगिक सम्पत्तिको दर्तामा लाग्ने शुल्क तथा दस्तुरमा छुट दिइनेछ। बीउ पूँजी, जनशक्ति विकास, परामर्श तथा प्रविधि सहयोग, सहुलियतपूर्ण ऋण, निर्यातमा नगद अनुदानलगायत अन्य उद्यमलाई प्रदान गरेका सहुलियत तथा सुविधा उपलब्ध गराइनेछ," नीतिमा भनिएको छ, "स्टार्टअप उद्यम स्थापना भएको १० वर्षसम्म आयकरमा छुट दिने व्यवस्था गरिनेछ। बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्थाका साथै बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको निश्चित प्रतिशत स्टार्टअप उद्यममा लगानी गर्न आवश्यक व्यवस्था मिलाइनेछ।"

नयाँ सोच तथा नवप्रवर्तनकारी उद्यम विकास लागि छुट्टै कोष स्थापना गर्ने र बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जामा पनि सहुलियतको व्यवस्था गरिने नीतिमा उल्लेख छ।

## गाजाबाट १७ अमेरिकी चिकित्सकको उद्धार

वाशिङ्टन, ५ जेठ/एएनआई

इजरायलले राफाहबाट इजिप्ट जाने सीमा बन्द गरेपछि गाजामा फसेका २० अमेरिकी चिकित्सकमध्ये १७ जनाको सुरक्षितरूपमा उद्धार गरिएको राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले बताए।

उनले भने, "हाल उनीहरू बाहिर आएका छन्, सबैजनाले बाहिर जान चाहेकामा सोही बमोजिम भएको छ, अन्य तीनजनाका लागि बोल्दिनँ।"

उनीहरूको उद्धार जेरुसेलमस्थित अमेरिकी दूतावासको सहयोगमा सम्भव भएको विदेश विभागका प्रवक्ताले जनाएका छन्। उनले अमेरिकी चिकित्सकहरू संलग्न समूह र उनीहरूका परिवारसँग सम्पर्कमा रहेको बताए।

गाजा नछोड्ने निर्णय गरेका तीनजना चिकित्सकसमेतले दूतावासले आफ्नो प्रस्थानलाई सहज बनाउने कुरा बुझेको उद्धृत गर्दै सिएनएनले रिपोर्ट गरेको स्रोतले जनाएको छ।

दूतावासको टोलीले सीमामा चिकित्सकलाई स्वागत गर्न केरेम शालोम क्रसिङमा यात्रा गरेको स्रोतले जनाएको छ।

इजरायलले राफाहबाट इजिप्टको सीमा क्रसिङ बन्द गरेपछि त्यहाँ फसेका २० अमेरिकी चिकित्सकमध्ये १७ जनाको प्रस्थानपछि सहायता संस्थाले चिकित्सकहरूलाई गाजामा फिर्ता ल्याउने चुनौतीको सामना गर्नुपर्ने सिएनएनले जनाएको छ।

अमेरिकी चिकित्सकलाई भाग्न मदत गर्ने प्रयाससँग परिचित स्रोतका अनुसार इजरायली सेनाले कब्जा गरेपछि राफाह क्रसिङ बन्द भएकाले उनीहरूको उचित व्यवस्थापन गर्नु प्रमुख चिन्ताको विषय हो।

राफाह क्रसिङ सञ्चालनमा रहँदा विदेशी सहायता कामदारका लागि एकमात्र प्रवेश तथा निकास बिन्दु थियो। इजरायली र इजिप्टका अधिकारी अहिलेसम्म यसलाई पुनः खोल्ने सहमति हुन सकेको छैन।

नफर्किने निर्णय गर्ने चिकित्सकमध्ये एक डा एडम हामावी हुन्, उनले २० वर्ष पहिले पनि इराकमा जीवन बचाउन मदत गरेका थिए। यस मामिलासँग परिचित स्रोतका अनुसार उनी प्यालेस्टिनी र अमेरिकन मेडिकल एशोसिएशनसँग गाजा गई अन्य चिकित्सकले जिम्मेवारी पूरा नगरी छोड्नु उचित नभएको महसूस गरेको सिएनएनले स्रोतलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ।

विश्वव्यापीरूपमा अमेरिकी प्रशासनसँग मिलेर धेरै निकायले गाजामा सहायता र मानवीय कार्यकर्ता ल्याइ कामदारका लागि आवश्यक सुरक्षा प्राप्त गर्न दबाब दिने काम गरिरहेका छन्। यसैबीच, युएसएआइडीका एकजना शीर्ष अधिकारीले सहायता कार्यको सुरक्षा सुनिश्चित गर्न इजरायलले पर्याप्त काम नगरेको बताएका थिए।

वातावरणीय जटिलतालाई ध्यानमा राख्दै आवश्यक उपाय अझै पर्याप्त नभएकाले मानवीय सहायता कामदारले सुरक्षितरूपमा सञ्चालन गर्न आवश्यक छ। युएसएआइडीको ब्युरो फर ह्युमेनिटेरियन असिस्टेन्सका प्रशासककी सहायक सोनाली कोर्डेले गाजा काम गर्नाका लागि निकै खतरनाक ठाउँ भएको उल्लेख गरेकी छन्। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | शत्रुपराजय | वृष | ज्ञानोदय |
| मिथुन | भयचिन्ता | कर्कट | मित्रमिलन |
| सिंह | अतिथिआगमन | कन्या | अन्नलाभ |
| तुला | अलमल | वृश्चिक | धनलाभ |
| धनु | सफलता | मकर | राज्यभय |
| कुम्भ | रोगभय | मीन | व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

### विश्वमा ...

डलर नोक्सान बेहोरेको देशको राष्ट्रिय साइबर निर्देशनालयले जारी गरेको नयाँ प्रतिवेदनले जनाएको छ। उक्त प्रतिवेदनमा प्रस्तुत गरिएको रकम छोटो अवधिमा आक्रमणबाट हुने क्षतिलाई सम्हाल्ने लागतहरूको विश्लेषणमा आधारित रहेको छ। साइबर आक्रमणबाट राष्ट्रिय उत्पादनमा परेको ठूलो आर्थिक भार र अर्थतन्त्रमा हुने नोक्सानी पहिलोपटक तथ्याङ्कले देखाएको एएनआईले उल्लेख गरेको छ।

भियतनामको प्रहरीले हालै घरेलु र अन्तर्राष्ट्रियरूपमा हजारौं फेसबूक खाता चोरी गरी नियन्त्रणमा लिएको आरोपमा २० जनालाई पक्राउ गरेको छ। यसबाट उनीहरूले झन्डै ४० लाख डलर नाफा कमाएका छन्। भियतनामी अनलाइन समाचारपत्र भिएनई एक्सप्रेसका अनुसार २५ हजारभन्दा बढी उच्च मूल्य व्यापार खाताहरू अधीनमा लिन मालवेयर फैलाएको आरोप छ। मालवेयर भनेको प्रयोगकर्ताको सहमतिविना कम्प्युटरमा स्थापना गरिएको सफ्टवेयर हो, जसले पासवर्ड वा पैसा चोर्ने जस्ता खराब कार्यहरू गर्छ।

मालवेयर पत्ता लगाउने धेरै तरीका छन् तर सबैभन्दा सामान्य खराब फाइलहरू वा प्रोग्रामहरूका लागि कम्प्युटर स्क्यान गर्नु हो। यो समूहको नेतृत्व ३१ वर्षीय दाङ डिन्ह सनले गरेको विश्वास गरिन्छ। उनले फेसबूक प्रयोगकर्ताको खाताको जानकारी चोर्नका लागि ४१ हजार दुई सय डलरको मालवेयर स्रोत खरीद गरेका थिए। यो मालवेयर प्रयोग गरी दुई फोटो सम्पादन साइटहरू 'आर्ट बे एआई' र 'इभोटो स्टुडियो'सँग सम्बन्धित दुई लोकप्रिय फेसबूक फ्यान पृष्ठहरू नियन्त्रण गर्नका लागि प्रयोग गरेको त्यहाँको मिडियाले जनाएको छ।

आर्ट बे एआई (कृत्रिम बुद्धिमत्ता कला) डिजिटल कलाको कुनै पनि रूप हो, जुन एआई उपकरणहरूद्वारा सिर्जना वा परिष्कृत गरिन्छ। इभोटो स्टुडियो अर्को पुस्ताको फोटो रिटचिङ उपकरण हो। यसले फोटो सम्पादनका विभिन्न पक्षहरूलाई स्वचालित र वृद्धि गर्न उन्नत कृत्रिम बुद्धिमत्ता प्रविधिहरू प्रयोग गर्छ। त्यसपछि तिनीहरूले फेसबूक प्रयोगकर्ताहरूलाई एउटा अनुप्रयोग डाउनलोड र स्थापना गर्न प्रलोभन दिएर यसको मालवेयरले प्रयोगकर्ताहरूको उपकरणहरूमा प्रवेश गर्नेछ।

चोरी भएको डेटा सङ्कलन गरी सनद्वारा नियन्त्रित सर्भरमा फिर्ता पठाइयो र त्यसपछि टेलिग्राममा पाँच समूहमा वितरण गरियो, ताकि उसको टोलीका सदस्यहरूलाई प्रयोगकर्ता खाताहरू अपहरण गर्न अनुमति होस्। गिरोहले नाफाका लागि उच्च मूल्यका फेसबूक खाताहरू बेचेको थियो। कम मूल्यका अन्य खाताहरू ई–कमर्स प्लेटफर्महरूमा कपडा र अन्य वस्तुहरू बेच्न विज्ञापनहरू चलाउन प्रयोग गरियो। त्यसबापत अभियुक्तले ३८ लाख डलर कमाएको थियो। अप्रिलसम्म भियतनाम फेसबूक प्रयोगकर्ताहरूको कुल सङ्ख्याको आधारमा विश्वमा सातौं स्थानमा रहेको समाचार ऐजेन्सी एएफपीमा उल्लेख भएको थियो।

यस्तै, एउटा वेबसाइट जसले अन्तर्राष्ट्रिय साइबर ठगीकर्ताहरूलाई ७० हजार ब्रिटिशपीडितहरूलाई बैंक खाता विवरण र पासवर्डहरू जस्ता व्यक्तिगत जानकारीहरू प्रकट र ठगी गर्न अनुमति दिएको लन्डन प्रहरीले बताएको छ। उनीहरूले ल्याबहोस्ट साइट कब्जा गरेका थिए, जसले दुई हजारभन्दा बढी अपराधीहरूलाई 'फिसिङ' साइटहरू सिर्जना गर्न सक्षम बनाएको छ। फिसिङ एक प्रकारको सोसल इन्जिनीयरिङ आक्रमण हो, जुन प्रायः लगइन प्रमाणहरू र क्रेडिट कार्ड नम्बरहरूसहित प्रयोगकर्ताको डेटा चोरी गर्न प्रयोग गरिन्छ। यसले पीडितहरूलाई चार लाख ८० हजार बैंक कार्ड नम्बर र ६४ हजार नम्बर प्रकट गर्न पाएको छ।

बेलायत र विदेशमा कानून प्रवर्तनले अप्रिलदेखि ३७ जनालाई गिरफ्तार गरेको र अन्य आठ सयजनाले प्रहरीलाई उनीहरूको पहिचान थाहा छ भनेर चेतावनी दिइएको थियो। तीमध्ये धेरैको अनुसन्धान जारी रहेको छ। बेलायती प्रहरीले हजारौंको व्यक्तिगत डेटा चोरी गर्ने साइबर जालसाजी नेटवर्कलाई अवरुद्ध गरेको छ। साइटले ४० हजार घोटाला साइट सेट अप गर्न १७० कम्पनीका प्रोफाइलहरू प्रयोग गर्न कम प्राविधिक जानकार प्रयोगकर्ताहरूका लागि टेम्प्लेटहरू र कसरी गर्ने पाठ प्रदान गऱ्यो। प्रहरीले बेलायतका २५ हजार पीडितहरूलाई उनीहरूको डेटा सम्झौता भएकोबारे सूचित गरेको समाचार एजेन्सी एपीले प्रकाशित गरेको छ।

डिजिटल साक्षरता कम भएका नेपालजस्ता मुलुकहरूमा यो समस्या अझ विकराल बन्दैछ। नेपालमा यस वर्ष नौ हजार १३ वटा साइबर अपराधका मुद्दा दर्ता भएका छन्। मुख्यतः नेपालमा फिसिङ अटैक, फेक प्रोफाइल, सेक्स टोसनजस्ता मुद्दा बढी दर्ता भएको साइबर ब्यूरोले जानकारी दिएको छ। सेक्स टोसन अपराधमा अपराधीले पीडितलाई आफ्नो निजी र नग्न तस्बिरहरू वा भिडियोहरू फोनमा साझा गर्न प्रलोभन दिन्छ र प्रेरित गर्छ। धेरै अवस्थामा व्यक्ति डेटिङ एप्स वा वैवाहिक वेबसाइटहरू र एपहरूमार्फत अज्ञात व्यक्तिहरूसँग सम्पर्कमा आउँछन्। तिनीहरूसँग जोडिएका प्रोफाइलहरू प्रायः नक्कली हुन्छन्। उदाहरणको रूपमा एकजना युवतीलाई करीब पाँच महीना अघि सामाजिक सञ्जाल फेसबूकमा युवकको 'फ्रेन्ड रिक्वेस्ट' आयो। फेसबूक वालमा युवतीको आकर्षक तस्वीर देखेपछि युवकले साथी बन्ने प्रस्ताव पठाएका थिए।

युवतीसँग युवकले केही दिन कुरा गरेपछि युवक युवतीसँग अत्यधिक नजीक हुँदै जान्छ। करीब एक महीना कुरा गरेपछि युवकले युवतीलाई नग्न तस्बिर र भिडियोहरू साझा गर्न प्रेरित गर्छ। पछि युवतीले दिएका नग्न तस्वीरहरू युवकले राखी युवतीलाई ब्ल्याकमेल गर्न थाल्छ। उसले पैसाका लागि युवतीलाई जबरजस्ती गर्न थाल्छ। पैसा नदिएको खण्डमा युवकले युवतीका तस्बिर र भिडियो इन्टरनेटमा उसको परिवार, आफन्त, साथीहरूसँग शेयर गर्ने धम्की दिन्छ। हाल हाम्रो समाजमा यस्ता घटनाहरू बढिरहेकाले साइबर अपराधलाई बढावा दिइरहेको छ।

साइबर अपराध २१औं शताब्दीको प्रमुख समस्या भएको छ। यसलाई समय अनुकूल रोक्न सकिएन भने भोलि कोभिड–१९ भन्दा बढी डरलाग्दो समस्या ल्याउन सक्ने साइबर सुरक्षामा संलग्न व्यक्तिहरू बताउँछन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्ले समय अनुकूल कडा कानून निमार्णका लागि जोड दिइरहेका बेला नेपालमा पनि नयाँ कानून ल्याउन लागिएको छ। यसको कार्यान्वयनमा जोड दिन सकिएमा सामाजिक सद्भाव बढाउन र आपराधिक प्रवृत्तिलाई निरुत्साहित गर्न सहयोग पुग्नेछ। (एजेन्सीहरूको सहयोगबाट)

# मधेस प्रदेशका चार जिल्लाका सीमानाका तीन दिनको लागि बन्द

प्रस, सर्लाही, ५ जेठ/

छिमेकी भारत बिहारको सीतामढी र मधुवनी लोकसभा क्षेत्रमा यही जेठ ७ गते हुने आमनिर्वाचनलाई लिएर सो क्षेत्रसँग जोडिएका नेपालको मधेस प्रदेशका रौतहट, सर्लाही, महोत्तरी र सिराहा जिल्लाका सीमानाका शनिवार राति १२ बजेदेखि तीन दिनको लागि बन्द हुने भएको छ।



बन्द रहेको सर्लाही जिल्लाको मलङ्गवा–सोनवर सीमानाका। तस्वीरः प्रतीक

रौतहट, सर्लाही, महोत्तरी र सिराहाका जिल्ला प्रशासन कार्यालयहरूले सूचना जारी गर्दै छिमेकी बिहारको सीतामढी र मधुवनी जिल्लामा लोकसभा चुनाव हुन गइरहेकाले तीन दिन ७२ घण्टा सीमानाका बन्द हुने जनाएका छन्।

आज राति १२ बजेदेखि बन्द हुने सीमानाकाहरू जेठ ७ गते सोमवार राति १२ बजेसम्मका लागि बन्द हुने बताइएको छ। नेपाल र भारतमा आम चुनावको समयमा ७२ घण्टा सीमानाका बन्द हुने गरेकामा र सोही अनुसार आज राति १२ बजेदेखि नाका बन्द हुने त्यहाँका जिल्ला प्रशासन कार्यालयहरूले सूचना जारी गरी जानकारी गराएका छन्।

जिप्रका, सर्लाहीले पर्सा गाउँपालिकादेखि बलरा नगरपालिकासम्मको सीमानाका बन्द हुने र जिप्रका, महोत्तरीले मटिहानी नगरपालिकादेखि सोनमा गाउँपालिकासम्मको सीमानाका बन्द हुने जनाएका छन्।

यसैगरी, रौतहट जिल्लाको राजदेवी नगरपालिका–९ ब्रह्मपुरीदेखि ईशनाथ नगरपालिका–१ बन्जरहासम्म बन्द हुने जनाइएको छ भने सिराहाका सबै नाका बन्द हुने जनाइएको छ।

# नेपाली सेनाको आयोजनामा निश्शुल्क स्वास्थ्य शिविर

प्रस, सर्लाही, ५ जेठ/



सर्लाही जिल्लाको चन्दनगर गाउँपालिकामा नेपाली सेनाले शनिवार निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

भैरवी दल गण, फिल्ड अस्पताल बर्दिबासको आयोजना तथा चन्द्रनगर गापा, नगर अस्पताल लालबन्दी, सर्लाही इमेजिङ एन्ड डाइग्नोस्टिक सेन्टर र सत्यनाम हस्पिटल प्रालि, लालबन्दीको सहकार्यमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको निमित्त गणपति सेनानी पवन विष्टले बताए।

शिविरमा लालबन्दी नगर अस्पतालका प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा रामविश्वास राय, मनोरोग विशेषज्ञ डा चन्दन चौधरी, चिकित्सा अधिकारी बिरोचन चौधरी, चिकित्सा अधिकारी डा कुलभूषण शाही र फिल्ड अस्पताल बर्दिबासका परामर्शदाता डा कविता कर्माचार्य, डा भारती यादव, डा सुवेशा अधिकारी, डा गौरव कोइराला, चिकित्सा अधिकारी अनमिका खत्रीले बिरामीहरूको चेकजाँच गरेका थिए। शिविरमा स्त्री तथा प्रसूति रोग, बालरोग, आँखालगायतका रोगहरूको परीक्षण गर्नुका साथै आवश्यक औषधिहरू निश्शुल्क वितरण गरिएको थियो।


शिविरमा हाडजोर्नीका ८०, दन्तका ८५, नाक, कान, घाँटीका ७०, मधुमेहका १३, बालरोग २३५, स्नायु तथा मनोरोगी सात, स्त्रीरोगका ८०, भिडियो एक्स–रे ८०, आँखाका ५५ गरी जम्मा ७०८ जनाले सेवा लिएका थिए।

गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाहिर रहेका गाउँबस्तीका मानिसहरूलाई लक्षित गरेर नेपाली सेनाको टोलीले निश्शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको निमित्त गणपति विष्टले बताए। उनले यस्ता कार्यक्रमले सर्वसाधारण र सेनाबीचको सम्बन्ध सुमधुर हुने विश्वास व्यक्त गरे।


## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**स्थानीय ...**

सिम्रौनगढको विकास नगरेको दोषारोपण गरे। उनले सिम्रौनगढको धार्मिक एवं पर्यटकीय विकासको लागि आफ्नो दलका सांसद मनीष झाले संसद्मा आवाज उठाउँदै आएको दाबी गरे।

उनले सिम्रौनगढको विकासको लागि रास्वपा सदैव साथमा रहेको बताए। नेता प्रसाईं र सांसद ढकाललाई रास्वपा सिम्रौनगढका कार्यकर्ताहरूले स्वागत गरेका थिए।

उनीहरूले कङ्काली मन्दिर, रानीवासस्थित रामजानकी मन्दिरमा पूजाअर्चना गरेका थिए। कार्यक्रममा रास्वपा बाराका सभापति चन्दन सर्राफ, क्षेत्रीय सभापति रजनिश कुशवाहा, सिम्रौनगढ व्यवसाय सङ्घका सभापति मुकेश जयसवाललगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## जीराभवानीमा मेयरकप फूटबल प्रतियोगिता शुरू

प्रस, सेढवा, ५ जेठ/

जीराभवानी गाउँपालिका–४ सुपौलीमा शनिवारदेखि दोस्रो जीराभवानी मेयर कप फूटबल प्रतियोगिता शुरू भएको छ।

सनलाइट युवा स्पोर्ट्स क्लबको आयोजनामा सञ्चालित प्रतियोगिताको उद्घाटन गर्दै गापाध्यक्ष अनोज चौधरीले सहभागी स्थानीय खेलाडीहरूलाई छनोट गरी प्रशिक्षण गराइने बताए। आगामी आर्थिक वर्षदेखि पालिकामा स्पोर्ट्स एकेडेमी



सञ्चालन गरी दक्ष खेलाडी उत्पादन गर्ने योजना रहेको उनले बताए।

जिल्ला खेलकूद विकास समितिका पूर्वकोषाध्यक्ष चक्रधारी चौधरीको सभापतित्वमा सम्पन्न कार्यक्रममा मावि नौकाटोलाका प्रधानाध्यापक रामाशङ्कर चौधरी, आयोजक संस्थाका वरिष्ठ सल्लाहकार दीपेन्द्र महतो र रामजनम महतोले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

प्रतियोगितामा १० वटा टीम सहभागी छन्। विजेता टीमलाई नगद ५० हजार र उपविजेतालाई नगद २५ हजार र ट्रफी प्रदान गरिने आयोजकले जानकारी गराएको छ।

उद्घाटन खेलमा टनकनाथ बाबा क्लब पिप्रा भवानीपुरले न्यू सनलाइट युवा स्पोर्ट्स क्लब सुपौलीलाई टाइब्रेकरमा पराजित गरेको छ। निर्धारित समयमा दुवै टीमले एक/एक गोलको बराबरी खेलेका थिए।

भोलि दुईवटा खेल हुनेछ। पहिलो खेल युवा समाज पकडीटोल र भगौली बाबा शङ्करसरैया र दोस्रो खेल ब्रह्मबाबा युवा क्लब शहजानपुर र सुगीभारमाई युवा क्लब सखुवनियाबीच हुनेछ।

## चेसको उपाधि बाराका खाँले जिते

प्रस, वीरगंज, ५ जेठ/

काठमाडौंमा सम्पन्न युनाइट नेपाल थ्रु चेस प्रतियोगिताको उपाधि बाराका कृष्णकुमार खाँले जितेका छन्।



खाँले उपाधिसँगै ट्रफी र नगद २० हजार जिते। शनिवार सम्पन्न नौ चरणको खेलमा समान आठ अङ्क भएपनि टाइब्रेकरमा मोरङका लोकसागर साम्बालाई पराजित गर्दै खाँले उपाधि जितेका हुन्। दोस्रो हुने साम्बा र तेस्रो हुने पाँचथरका रिसोन थापालाई क्रमशः १५ हजार र १० हजार नगद र ट्रफी प्रदान गरिएको थियो।

महिलातर्फ काठमाडौंकी एन्जेल महर्जन प्रथम र सिन्दिरा जोशी दोस्रो भए। प्रतियोगिताका विजेता खेलाडीहरूलाई कार्यक्रम संयोजक डा मोहनसिंह प्रधान, नेपाल चेसका अग्रज सीताराम अग्रवाल, फिडे ट्रेनर केशव श्रेष्ठलगायतले ट्रफी, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरेका थिए। अन्नपूर्ण माविमा सञ्चालित प्रतियोगिताका उत्कृष्ट २६ जना खेलाडीको लागि कुल एक लाख १५ हजार नगद पुरस्कार वितरण गरिएको थियो।

प्रतियोगितामा ५० जिल्लाका १८५ जना खेलाडी सहभागी थिए। हिजोदेखि शुरू भएको प्रतियोगिता आज समापन भएको आयोजकले जनाएको छ।

## राष्ट्रिय साइकल दौडः प्रकाश र उषा च्याम्पियन

कास्की, ५ जेठ/रासस

पोखरामा शनिवार सम्पन्न राष्ट्रिय साइकल दौड प्रतियोगिताको उपाधि पुरुषतर्फ प्रकाश थापामगर र महिलातर्फ उषा खनालले जितेका छन्।

साइक्लिङको माध्यमबाट खेल पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा महानगरपालिका खेलकूद विकास समितिले राष्ट्रिय साइकल दौड प्रतियोगिता आयोजना गरेको हो। पोखरा–१७ र २१ भित्र तय गरिएको रूटमा च्यापिम्पयन बनेका दुवैजनाले जनही रु ५० हजार नगद, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गरे।

प्रकाशले निर्धारित २८ किमी दूरी एक घण्टा ३७ मिनेट १३ सेकेन्ड र उषाले निर्धारित २० किलोमिटर एक घण्टा ३९ मिनेट १० सेकेन्डमा पूरा गरेका थिए।



प्रतियोगितामा पुरुषतर्फ एक घण्टा ३९ मिनेट २३ सेकेन्डमा दौड सकेर सुरज रानामगर द्वितीय र एक घण्टा ४३ मिनेट ५८ सेकेन्डमा सकेर हिमाल टमाटा तृतीय भएका थिए।

महिलातर्फ हुमी बुढामगर द्वितीय र इन्द्रकुमारी तामाङ तृतीय भए। हुमीले एक घण्टा ४० मिनेट ११ सेकेन्ड र इन्द्रकुमारीले एक घण्टा ५९ मिनेट एक सेकेन्डमा २० किलोमिटर दूरी पार गरेका थिए। प्रतियोगितामा द्वितीय र तृतीय हुने महिला रपुरुष खेलाडीले क्रमशः रु ३०/३० हजार र रु २०/२० हजारसहित मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गरे।

पुरुषतर्फ अनिल विक र महिलातर्फ सोफिया विक पोखरा च्याम्पियन बने। उनीहरूले जनही रु १०/१० हजार मेडल र प्रमाणपत्र पुरस्कार पाए।

पोखरा महानगरपालिका वडा नं १७ र कास्की जिल्ला साइक्लिङ सङ्घको सहआयोजना र नेपाल साइक्लिङ सङ्घको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा पुरुष, महिला र 'रन फर फन' विधामा गरेर एक सयजनाभन्दा बढी खेलाडी सहभागी थिए। पोखरा–१७ पावरहाउसबाट शुरू भएको साइकल दौड महतगौंडा–दोबिल्ला झोलुङ्गे पुल हुँदै पोखरा–२१ फेदीपाटन–खर्सयाङ–निर्मलपोखरी–फेदीपाटन–दम्सादी हुँदै पावरहाउस पुगेर टुङ्गिएको थियो।